कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३१८ | वि.सं. २०८१ फागुन २७ मंगलवार | नेपाल संवत: ११४४, फागुन शुक्ल द्वादशी | Tuesday 11 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

१६ महिनापछि पुनर्निर्माण आयोजना कार्यालय स्थापना

# जाजरकोट भूकम्पपछिको पुनर्निर्माणले गति लिने अपेक्षा



**ओम शाही**

**सुर्खेत, २६ फागुन ।**

१७ कार्तिक २०८० मा जाजरकोट केन्द्रविन्दु भएर गएको विनासकारी भूकम्पबाट क्षति पुगेका संरचना पुनर्निर्माणको कार्यमा तिव्रता दिन कार्यालय स्थापना भएको छ। आइतबार भूकम्प गएको झण्डै १६ महिनापछि भूकम्पीय पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना कार्यान्वयन इकाई कार्यालय स्थापना भएको छ।

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, तीनै तहका सरकार र जिल्ला विपद् व्यवस्थापन समितिबीच प्रभावकारी समन्वय गरी पुनर्निर्माणलाई गति दिन कार्यालय स्थापना गरिएको सरकारको दावी छ। इकाई कार्यालयले जाजरकोट भूकम्पबाट प्रभावित तीन जिल्ला जाजरकोट, रुकुमपश्चिम र सल्यानमा पुनर्निमार्णका सम्पूर्ण कामहरु हेर्नेछ।

आइतबार नेपाल सरकारका गृमन्त्री रेमश लेखकले जाजरकोटको भेरी नगरपालिका-१, रिम्नामा जिल्ला भूकम्पीय पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना कार्यान्वयन इकाइको उद्घाटन गर्दै पुनर्निर्माणलाई गति दिने दावी गरे। गृहमन्त्री लेखकले भूकम्पपछिको पुनर्निर्माण र पुनर्स्थापनामा ढिलाई भएको स्वीकार गर्दै अब भने पुनर्निर्माणमा बिलम्ब नुहने गरी सरकार अघि बढेको बताए। सरकारले पुनर्निर्माण कार्यविधि, मापदण्ड, केही ऐन संशोधन गरी विस्तृत क्षतिको आँकलन (डीडीए) को काम अघि बढाइसकेकाले पुनर्निर्माणमा बिलम्ब नुहने मन्त्री लेखकको भनाई छ।

संघीय सरकारले नीतिगत समस्या समाधान गरेर आवश्यक वित्तिय व्यवस्थापन गरिसकेको उल्लेख गर्दै गृहमन्त्री लेखकले क्षतिको आँकलनमा स्थानीय तहले गति दिए पुनर्निर्माणले पनि गति लिने बताए। डीडीए गर्न जनशक्ति अभाव नरहेको दावी गर्दै मन्त्री लेखकले पुनर्निर्माणलाई गति दिन तीन वटै सरकारबिच प्रभावकारी समन्वय आवश्यक ठानेर कार्यालय स्थापना भएको बताए।

भूकम्पले घर भत्किएपछि पुनर्निर्माण पूर्व गरिने डीडीएका लागि जाजरकोटमा ५० र रुकुमपश्चिममा ४८ प्राविधिक जनशक्तिले काम गरिहेको लेखकले बताए। विस्तृत क्षति

बाँकी ३ पेजमा

## भेरीमा १८ सय घरको क्षति आँकलन

जाजरकोट भूकम्पबाट ठुलो मात्रमा भौतिक तथा मानविय क्षति भएको जाजरकोटको भेरी नगरपालिकाका पाँच वडाका एक हजार आठ सय ८६ घरको विस्तृत क्षतिको मूल्यांकन सम्पन्न भएको छ। यी वडाहरुमा दुई हजार पँच सय ६९ घरधुरी छन्।

जसमा वडा नम्बर १ मा आठ सय नौ, वडा नम्बर ३ मा चार सय ९५, वडा नम्बर ४ मा पाँच सय २८, वडा नम्बर ८ मा एक सय ८१ र वडा नम्बर ११ मा पाँच सय ५६ घरधुरी रहेको भेरी नगरपालिका विपद् व्यवस्थापन शाखाका प्रमुख यज्ञनाज गौतमले जानकारी दिए। उनका अनुसार भेरीमा १२ प्राविधिकहरुको टिमले क्षतिको मूल्यांकन जारी राखेको छ।

त्यस्तै, जाजरकोटको नलगागाड नगरपालिकामा पनि क्षतिको आँकलन भइरहेको छ। नलगाड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेबहादुर पुनले वडा नम्बर १ देखि ५ सम्म क्षतिको आँकलन गर्ने कार्य जारी रहेको बताए। उनका अनुसार पहिलो चरणमा प्राविधिक मूल्यांकन समितिले गरेको अन्तिम अध्ययन प्रतिवेदन बुझाउने तयारी छ। अन्य वडाहरुमा दोस्रो चरणमा मूल्यांकनको काम अघि बढ्ने पुनले बताए।

रुकुम पश्चिमको आठविसकोट नगरपालिकामा पनि क्षतिको आँकलन गर्ने कार्य भइरहेको छ। आठविसमा पाँच वटा समूह बनाएर प्राविधिकहरुले क्षतिको मुल्यांकन जारी राखेको आठविसकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेश गौतमले जानकारी दिए। राष्ट्रिय विपद् न्यूनिकरण प्राधिकरणका अनुसार भूकम्पले क्षति पुगेका अन्य पालिकामा दोस्रो चरणमा क्षतिको मूल्यांकन सुरु हुनेछ।

# विपद् व्यवस्थापन गर्न बाँकेका आठ पालिकाबीच सहकार्य

**युग संवाददाता**

**नेपालगञ्ज, २६ फागुन ।**

बाँकेका आठ स्थानीय तहले विपद् व्यवस्थापन गर्नका लागि साझा समझदारी पत्रमा हस्ताक्षर गरेका छन्। अन्तरपालिका समन्वय, सहकार्य एवं अनुभव आदान प्रदानसम्बन्धी भएको समन्वय बैठकमा सो समझदारीपत्रमा हस्ताक्षर भएको हो।




जिल्लाका स्थानीय तहबीच विपद् जोखीम न्यूनीकरण र व्यवस्थापनको क्षेत्रमा प्रभावकारी रुपले कार्य गर्नको लागी समन्वय, सहकार्य र श्रोत साझेदारीलाई प्रवर्द्धन गर्ने, विपद् व्यवस्थापनको क्षेत्रमा स्थानीय तहमा भएका असल अभ्यास र सिकाइको अनुशरण गर्दै आवश्यक पर्दा एक स्थानीय तहले अर्को स्थानीय तहलाई मानवीय, आर्थिक तथा प्राविधिक सहयोग गर्ने उल्लेख छ।

यसबाहेक विपद् व्यवस्थापनमा सहयोग आदानप्रदान गर्न तथा सहकार्य गर्न स्रोत साझेदारीको लागि सम्बन्धित स्थानीय तहको मौजुदा कानुन अद्यावधिक गर्ने, आगलागीको समयमा कुनै स्थानीय तहले दमकल सेवा माग गर्दा तुरुन्त उपलब्ध गराउनुपर्ने समेत समझदारीपत्रमा उल्लेख गरिएको छ।

सबै स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका एम्बुलेन्सको विवरण अद्यावधिक गरी आपत र विपद्को समयमा तुरुन्तै सेवा दिन प्रबन्ध मिलाउने, विपद् सूचना प्रणालीलाई प्रभावकारी बनाउन सबै स्थानीय तहले स्थानीय आपत् कालीन कार्यसञ्चालन केन्द्रको स्थापना एवं सुदृढीकरण गरी विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउनेलगायत समझदारीपत्रमा जनाइएको छ।

विपद्को समयमा आवश्यक पर्ने उद्धार, राहत तथा पुनःस्थापनाको लागि आवश्यक खाद्यान्न, लत्ताकपडा, स्वास्थ्य सेवा, अस्थायी आवास आदिजस्ता अत्यावश्यक सेवा तत्काल प्रदान गर्ने उद्देश्यले त्यस्ता सामग्रीरुको निश्चित मात्रामा भण्डार गर्ने पनि समझदारीपत्रमा उल्लेख छ।

समझदारीपत्रमा नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्ट, कोहलपुर नगरपालिकाका प्रमुख पूर्णप्रसाद आचार्य, राप्तीसोनारी गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेल, नरैनापुर गाउँपालिकाका प्रमुख इस्तियाक अहमद शाहलगायत विभिन्न पालिकाका विपद् सम्पर्क व्यक्तिले हस्ताक्षर गरेका छन्।

सो अवसरमा नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले विपद् व्यवस्थापन सबैको साझा दायित्वको विषय भएको बताए। उक्त बैठकमा नेपालगञ्ज उपमहानगरपालिकाका विपद् सम्पर्क व्यक्ति दीपेन्द्र श्रेष्ठ, परियोजनाका जनसम्पर्क अधिकृत रुपन ज्ञवालीले परियोजनाको विभिन्न विषयमा जानकारी दिएका थिए। सबै पालिकाले विपद्मा गरेका विभिन्न असल कामको अभ्यासबारे समेत जानकारी दिएका थिए।

# घरको बार्दलीबाट लडेर मृत्यु

**युग संवाददाता**

**कालीकोट, २६ फागुन ।**

कालीकोट जिल्लाको खाँडाचक्र नगरपालिका-३ ताडीस्थित आफ्नै घरको बार्दलीबाट खसेर घाइते भएका एक जनाको मृत्यु भएको छ। शनिबार बेलुकी आफ्नै घरको बार्दलीबाट लडेर घाइते भएका जिल्ला निर्वाचन कार्यालय कालीकोटका कार्यालय सहयोगी ४७ वर्षीय पुरिचन्द्र पाण्डेको मृत्यु भएको हो।

शनिवार बेलुकी बार्दलीबाट खसेका पाण्डेलाई उपचारका लागि आइतबार जिल्ला अस्पताल लगिएको थियो। तर, जिल्ला अस्पतालले उनको टाउकोमा चोट भएको भन्दै सीटी स्क्यानका लागि सुर्खेत लैजान रेफर गरेको थियो।

सोमबार बिहान उनलाई सुर्खेत लैजाने क्रममा बाटोमै मृत्यु मृतकका जेठा दाई खडानन्द पाण्डेले बताए। 'उपचारको लागि सुर्खेत लैजाँदै गर्दा कर्णाली राजमार्गको दैलेखको असाराघाट पुर्याएपछि सोमबार बिहान ११ बजे मृत्यु भएको छ,' उनँले भने,'घरको बार्दलीबाट लडेर घाइते हुनु भएको थियो। थप उपचार गर्न सुर्खेत लैजाने क्रममा बाटोमा मृत्यु भयो।' जिल्ला पशु सेवा, वन कार्यालय हुँदै हाल जिल्ला निर्वाचन कार्यालयमा कार्यरत पाण्डेका पत्नी र दुई छोरा छन्।

**लागूऔषध प्रयोग नगरौं**

- लागूऔषधको सेवनले,
- मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर गर्छ,
- परिवार, साथीभाई र आफन्तसँग सम्बन्ध बिग्रन सक्छ,
- सामाजिक सम्मानमा गिरावट ल्याउँछ,
- सामाजिक अपराध र विकृति बढ्छन्,

त्यसैले,

- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार बिक्रिवितरण तथा सेवन नगरौं र गर्न नदिऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

**विज्ञापन दर/रेट सम्बन्धी सूचना**

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**विज्ञापन दर/रेट**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २000/- | रु. १८00/- |
| भित्री पृष्ठ | रु. १५00/- | रु. १२00/- |
| अन्तिम पृष्ठ | रु. १७00/- | रु. १५00/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५00/- | रु. १५00/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७0/- |

ज्याकेट १ पेज रु. ८,00,000/-

नोटः उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान

www.yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१० / ९८५८०५५६२७ / ९८५८०५५६२८

इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि

www.yugnews.com

facebook

https://www.facebook.com/yugnews

यहाँ स्क्यान गर्नुहोस् ।

Job Karnali

Find Your Dream Job

Jobkarnali.com

Tender Karnali

Tenderkarnali.com

ebazar

ebazar.com

GET IT ON Google Play

yugnews.com

## सम्पादकीय....

# आन्तरिक हवाई सेवालाई प्राथमिकता देऊ !

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्दै तत्कालिन आर्थिक मामिला तथा योजना मन्त्री विन्दमान विष्टले भनेका थिए, 'कर्णाली प्रदेशमा हवाई सेवालाई भरपर्दो, सुलभ र सहज बनाउन सुर्खेत विमानस्थलबाट प्रदेशभित्रका विमानस्थलमा हुने यात्रु हवाई उडान संख्याका आधारमा हवाई सेवा प्रदायकलाई सहुलियत प्रदान गर्न रकम विनियोजन गरेको छु ।' सुर्खेत केन्द्र बनाई कर्णालीका अन्य जिल्लामा उडान भर्ने एयरलाइन्सहरूलाई इन्धनमा सहुलियत दिने उद्देश्यले कर्णाली प्रदेश सरकारले उक्त आर्थिक वर्षमा एक करोड २० लाख रुपैयाँसमेत विनियोजन गरेको थियो । चालु आर्थिक वर्षमा पनि यही शीर्षकमा प्रदेश सरकारले बजेट व्यवस्थापन गरेको छ । तर, हवाई इन्धनमा सहुलियत दिने घोषणा भएर बजेट विनियोजनसमेत भइसकेको अवस्थामा घोषणा कार्यान्वयनका लागि हालसम्म आवश्यक कार्यविधिसमेत बनिसकेको छैन । सडक यातायात कठिन रहेका कर्णालीका पहाडी र हिमाली जिल्लाका नागरिकहरूलाई नियमित रूपमा सहज तथा सुलभ हवाई सेवा सुचारु गर्ने सरकारको योजना थियो । तर, त्यो योजना घोषणामै सीमित भएको छ । घोषणा भएको लामो समयपछि बनाइएको सहुलियत कार्यविधि कर्णालीको आर्थिक मामिला तथा योजना मन्त्रालयले रोकेको छ ।

सरकारले प्राथमिकताका साथ नीति तथा कार्यक्रममा समावेश गरेको कार्यक्रम कायान्वयनमा ल्याउन अर्थ मन्त्रालयले आनाकानी गरेको छ । अर्थ मन्त्रालयको असहयोगपछि झण्डै ६ वर्षपछि सुरु भएको कर्णालीको आन्तरिक हवाई सेवा पुनः बन्द भएको छ । प्रदेश सरकारले सहुलियत दिने आश्वासन पाएपछि कर्णालीका केही लगानीकर्ताको अग्रसरतामा निजि हवाई सेवा प्रदायक कम्पनी तारा एयरले पुनःउडान सुरु गरेको थियो । तर, सरकारको साथ नपाएको कम्पनीले सेवा बन्द गर्न बाध्य बनेको छ । २०७४ अघि साविक कर्णालीका जुम्ला, मुगु, हुम्ला र डोल्पा तथा सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लामा सुर्खेत विमानस्थलबाट नियमित रूपमा हुन्थे । त्यसयता भने नेपालगञ्जबाट हुँदै आएका छन् । जसले हवाई सेवा प्रयोग गरी प्रदेश राजधानी आउन लुम्बिनी प्रदेशको नेपालगञ्ज धाउनुपर्ने बाध्यतामा नागरिकहरू छन् ।

सुर्खेत विमानस्थलबाट नियमित रूपमा हिमाली र पहाडी जिल्लामा हवाई सेवा सञ्चालन नहुँदा अध्ययन, रोजगारी, औषधी उपचार प्रशासनिक कामकाजका लागि वीरेन्द्रनगर आउजाउ गर्ने नागरिकले ठूलो धनराशी खर्च गर्नुपर्ने बाध्यता छ । कर्णालीको आन्तरिक आकाशमा जहाज उडाउन यात्रुका कारण तत्काललाई निजि क्षेत्रले मात्रै गर्न सक्ने अवस्था छैन । आन्तरिक हवाई सेवा सुचारु गर्ने विषयलाई यहाँका दलहरुले राजनीतिक मुद्दा बनाउँने गरेका छन् । बोल्ने तर काम नगर्ने नेताको कार्यशैलीले नागरिक ठुलो धनराशी खर्च गर्न बाध्य छन् । यसमा सरकारलाई कुनै मतलव छैन । सुर्खेत-काठमाण्डौं सिधा हवाई सेवा सुचारु भएपछि सुर्खेत विमानस्थलमा यात्रुको चाप बढ्दै गएको छ । यसले कर्णालीका माथिल्ला जिल्लामा जाने यात्रुहरु विस्तारै नेपालगन्जबाट सुर्खेततर्फ केन्द्रित भइरहेका छन् । यसले आन्तरिक हवाई सेवा प्रयोग गर्ने यात्रुको संख्यमा बृद्धि हुँदै जाने सम्भावना छ । यसर्थ, कर्णाली प्रदेश सरकारले घोषणा गरेको हवाई सहुलियत कार्यक्रमलाई व्यवस्थितरुपले अघि बढाउँन आवश्यक छ । यात्रुको सुनिश्चितता नुहन्जेल सरकारले आन्तरिक उडानमा अपनत्व लिन आवश्यक छ ।

# कसरी सुधार्न सकिन्छ एसइई नतिजा ?



✍ डा. ताराप्रसाद भुसाल

अहिले प्रचलित कक्षा १० को अन्तिम परीक्षा एसइई (माध्यमिक शिक्षा परीक्षा) पहिले माध्यमिक तहको फलामे ढोका भनिने एसएलसी (स्कुल लिभिङ सर्टिफिकेट) कै अर्को रूप हो ।

एसएलसीलाई विद्यार्थी र अभिभावकहरू फलामे ढोका मान्थे । एसइई पनि फलामे ढोकाभन्दा फरक छैन । यो परीक्षा विद्यार्थीको जीवनमा कोशेढुंगा हो जसले उसको भावी शैक्षिक यात्रा तय गर्छ । २०८१ सालको एसइई आगामी चैत ७ देखि हुँदै छ । गत वर्षको परीक्षा नतिजाले विद्यार्थीका लागि एसइई निकै चुनौतीपूर्ण रहेको संकेत गरेको छ ।

गत वर्ष ४ लाख ६४ हजार ७८५ विद्यार्थी एसइईमा सहभागी भएकामा ४८.८६ प्रतिशत मात्र उत्तीर्ण भए । तीमध्ये १८६ ले मात्र ४ जिपिए हासिल गरे । आधाभन्दा बढी, ५१.१४ प्रतिशत, विद्यार्थी असफल भए । यस नतिजाले समाजमा चिन्ता बढाएको छ । यसमा विद्यार्थी, शिक्षक, अभिभावक र सरकारी अधिकारी गम्भीर हुन आवश्यक छ ।

विद्यार्थीहरूले परीक्षा तयारीमा ध्यान दिएर नतिजा सुधार्न सक्छन् । विद्यार्थीले नियमित र व्यवस्थित अध्ययन तालिका बनाउनुपर्छ । यस्तो तालिकाले समयको उचित व्यवस्थापन गर्न मद्दत गर्छ । तालिका बनाउँदा विद्यार्थीले हरेक दिनको पढाइ समय, विषय र लक्ष्य निर्धारण गर्नुपर्छ । यस्तो तालिकाले विद्यार्थीको मानसिक तयारी पनि मजबुत बनाउँछ । विद्यार्थीले हरेक विषयमा आफै आफ्नो समीक्षा गरेर कमजोरी पत्ता लगाउनुपर्छ र सुधारमा ध्यान दिनुपर्छ । कठिन मानिएका विषय र पाठमा पनि बढी ध्यान दिनुपर्छ ।

नमूना प्रश्नपत्र हल गर्ने अभ्यास परीक्षा तयारीको एक महत्त्वपूर्ण हिस्सा हो । यस्तो अभ्यासले विद्यार्थीलाई परीक्षामा समय व्यवस्थापन गर्न र प्रश्नको प्रकृति बुझ्न मद्दत पुग्छ । नमूना प्रश्नपत्र हल गर्दा विद्यार्थीले परीक्षाको सबै नियम पालना गर्नुपर्छ । यसो गर्दा वास्तविक परीक्षाको अनुभव प्राप्त हुन्छ, विद्यार्थीले आफ्ना कमजोरी थाहा पाउन सक्छ । परीक्षाको दबाब कम हुन्छ र आत्मविश्वास बढ्छ । विद्यार्थीले आफ्ना नोटहरू पुनरवलोकन गर्नु प्रभावकारी अध्ययन रणनीति हो । आफूलाई कठिन लाग्ने विषय र पाठको नोट र लघु नोट बनाउनुपर्छ । यसले पाठ सरल र संक्षिप्त बनाउँछ । लघु नोट परीक्षाको मुखमा सर्सर्ती पुनरवलोकनको राम्रो स्रोत बन्न सक्छ, छोटो समयमा धेरै कुरा सम्झन सजिलो बनाउँछ ।

परीक्षा नजिकिँदै गर्दा विद्यार्थीमा मानसिक दबाब र तनाव बढ्छ । यसले परीक्षा तयारीमा असर पार्न सक्छ । त्यस्तो असर पर्न नदिन पर्याप्त निद्रा, स्वस्थ आहार र नियमित व्यायाम महत्त्वपूर्ण हुन्छ । व्यायामले शरीर फूर्तिलो बनाउन र ध्यान एकीकृत गर्न सहयोग पुग्छ । स्वस्थ आहारले शारीरिक र मानसिक स्वास्थ्य सुदृढ बनाउँछ । पर्याप्त निद्राले शरीरलाई ऊर्जाशील राख्छ । एसइई तयारीको समयमा अभिभावकको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । परीक्षार्थी छोराछोरीको मानसिक र शारीरिक स्वास्थ्य सुदृढ बनाउन मद्दत गर्नु, पढाइको अनकूल वातावरण बनाइदिनु र भावनात्मक समर्थन दिनु अभिभावकको मुख्य जिम्मेवारी हो ।

परीक्षाको दबाब र तनावमा रहेका छोराछोरीलाई अभिभावकले उत्साहित र प्रेरित गर्नुपर्छ । आत्मबल बढाउन मद्दत गर्नुपर्छ । यस किसिमको मद्दतले विद्यार्थीलाई उत्साहित बनाउँछ, आत्मविश्वास पनि बढाउँछ ।

अभिभावकले आफ्ना परीक्षार्थी छोराछोरीसँग गफ गरेर भावना बुझ्ने र उचित मार्गदर्शन गराउने काम गर्नुपर्छ । यसो गर्दा परीक्षार्थीको आत्मविश्वास बढ्छ । परीक्षार्थी छोराछोरीको पोषणयुक्त खानपिन, निद्रा र समय व्यवस्थापनमा पनि उचित सहयोग गर्नुपर्छ ।

घरमा पढाइको उचित वातावरण हुनु निकै महत्त्वपूर्ण हुन्छ । शान्त र सहज वातावरण बनाइदिने काम अभिभावककै हो । पढाइमा अवरोध सिर्जना नहुने घरायसी वतावरण हुन्छ । आवश्यक सबै सिकाइ सामग्री उपलब्ध हुनुपर्छ । अभिभावकहरूले छोराछोरीको उचित निगरानी गर्नुपर्छ तर बढी दबाब दिनु हुँदैन, हौसला दिनुपर्छ । बढी दबाबले मानसिक असर पुऱ्याउँछ, पढाइ-सिकाइको गुणस्तर घटाउँछ ।

विद्यार्थी छोराछोरीको प्रगति नियमित जाँच्नु, आवश्यकता अनुसार सहारा दिनु र उचित मार्गनिर्देश गर्नु पनि अभिभावकको जिम्मेवारी हो । यसो हुँदा विद्यार्थी पढाइका लागि उत्साह हुन्छ । एसइई तयारीमा विषय शिक्षकको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । शिक्षकले विद्यार्थीहरूलाई शैक्षिक मार्गदर्शन गराउँदै उनीहरूको मानसिक तयारी र आत्मविश्वास अभिवृद्धिमा सहयोग गर्नुपर्छ । परीक्षा तयारीको सहज र प्रभावकारी उपाय सिकाउनु विषय शिक्षकको कर्तव्य हो । शिक्षकले पाठ पुनरवलोकन गर्दै नमूना प्रश्नपत्रमा विद्यार्थीलाई बढीभन्दा बढी अभ्यास गराउनुपर्छ ।

उत्तर लेख्ने तरिका सिकाउनुपर्छ, नबुझेको कुरामा प्रश्न गर्न प्रेरित गर्नुपर्छ, कमजोरी सुधार्न र आत्मविश्वास बढाउन मद्दत गर्नुपर्छ । सूत्रात्मक ढंगले सम्झिने तरिका सिकाउनुपर्छ । सहज सिकाइ वातावरण सिर्जना गर्नु शिक्षकको अर्को महत्त्वपूर्ण जिम्मेवारी हो । विद्यार्थीहरूको सिकाइ प्रक्रिया धेरै हदसम्म वातावरणमा निर्भर हुन्छ । कक्षामा पढाइको समयमा विद्यार्थीको मनोबल बढाउँदै सिकाइ सरल र स्पष्ट बनाउने पनि शिक्षकले नै हो । विद्यार्थीहरूलाई आफ्नो विचार व्यक्त गर्न प्रेरित गर्नुपर्छ जसबाट उनीहरूको समस्या समाधान होओस्, शंका निवारण होओस्, सिकाइको गहिराइ बढोस् ।

विद्यार्थीलई लिखित अभ्यास गराउने पद्धति निकै प्रभावकारी हुन्छ । हाल एसइईको तीन चौथाइ भाग लिखित हुन्छ । यस कारण पनि शिक्षकले विद्यार्थीलाई लेखनमा बढीभन्दा बढी अभ्यास गराउनुपर्छ ।

विद्यार्थीलाई प्रश्नको उत्तर स्पष्ट र सुसंगत तरिकाले लेख्ने अभ्यास गराउनुपर्छ । यस्तो अभ्यासले परीक्षामा उत्तर लेख्दा समय व्यवस्थापन र विचार संगठनमा मद्दत पुग्छ । लेखन अभ्यासले विद्यार्थीमा प्रभावकारी ढंगले विचार व्यक्त गर्ने क्षमता पनि बढाउँछ । एसइई तयारीमा विद्यालय प्रशासनको भूमिका पनि अत्यन्त महत्त्वपूर्ण हुन्छ । विद्यालयको शैक्षिक वातावरण सुदृढ बनाउनु, शिक्षण प्रक्रिया सहज बनाउनु र परीक्षा सम्बन्धी सबै तयारी ठीक समयमा गराउनु विद्यालय प्रशासनको जिम्मेवारी हो । विद्यालय प्रशासनले नमूना परीक्षा पनि चलाउनुपर्छ । यो निकै प्रभावकारी रणनीति हो । यस्तो परीक्षाले विद्यार्थीहरूलाई वास्तविक परीक्षा अनुभव प्राप्त हुन्छ । नमूना परीक्षाबाट विद्यार्थीले आफ्नो सामर्थ्य र कमजोरी र थाहा पाउँछ । आफ्नो कमजोरी सुधार गर्ने अवसर पाउँछ । यस्तो परीक्षामा प्राप्त अंकका आधारमा विद्यार्थीले सुधारको लक्ष्य निर्धारण गर्न पाउँछ । यसले विद्यार्थीलाई समय व्यवस्थापनमा र परीक्षा प्रक्रियामा सजग बनाउँछ ।

प्रत्येक विद्यार्थीको क्षमता फरकफरक हुन्छ । सबैले एकै गतिमा सिक्न सक्दैनन् । विद्यालय प्रशासनले कमजोर विद्यार्थी पहिचान गरेर तिनको सिकाइ सुधार गर्ने उपाय अपनाउनुपर्छ । कमजोर हुनुको खास कारण पत्ता लगाएर त्यसमा सुधार गर्न मद्दत गर्नुपर्छ । विद्यालय प्रशासनले शिक्षकलाई पनि उचित मार्गदर्शन र सहयोग गर्नुपर्छ । शिक्षकको पनि केही समस्या छ, उसलाई सहयोग चाहिएको छ भने विद्यालय प्रशासनले मद्दत गर्नुपर्छ ।

विद्यालय प्रशासनले शिक्षक, विद्यार्थी र अभिभावक बीच बलियो समन्वय गर्नुपर्छ । समयसमयमा अभिभावकसँग बैठक गरेर विद्यार्थीका लागि उचित वतावरण सिर्जना गर्न मद्दत गर्नुपर्छ । विद्यार्थी र शिक्षकबीचको सम्बन्ध सहज बनाउन र संवाद बढाउन सहयोग गर्नुपर्छ । यस्तो समन्वयले विद्यार्थीको सिकाइ प्रभावकारी बनाउन मद्दत पुग्छ । अभिभावकले घरमा गर्ने सहयोग बढ्छ । विद्यार्थी पनि उत्साहित हुन्छ र आफ्नो लक्ष्य निर्धारण गर्छ । यसले सिकाइको गति बढाउँछ । विद्यालय प्रशासनले परीक्षा केन्द्र, परीक्षा समय, परीक्षा नियम र परीक्षा सामग्रीबारे प्रस्ट जानकारी दिनुपर्छ । विद्यालय प्रशासनले आफ्नो रणनीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्दा विद्यार्थीको परीक्षा तयारीमा राम्रो सुधार हुन्छ । एसइई तयारीमा इन्टरनेट पहुँच भएको ठाउँमा डिजिटल प्रविधि, सामाजिक सञ्जाल, र कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोग गर्न पनि सकिन्छ । शिक्षकले नियमित कक्षाका अतिरिक्त फेसबुक, भाइबर, ह्वाट्सएप जस्ता सामाजिक सञ्जाल प्रयोग गरी सिकाइमा मद्दत गर्न सक्छन् ।

विद्यार्थीले यस्ता उपायबाट प्रश्न गर्न र शिक्षकले उत्तर दिन सक्छन् । युट्युब वा जूम जस्ता प्लेटफर्ममा छोटो भिडिओ राखेर विद्यार्थीलाई मद्दत गर्न सकिन्छ । विद्यार्थीले एआईबाट अभ्यास प्रश्न, संक्षिप्त नोट र परीक्षा सम्बन्धी सामग्री तयार गर्न सक्छन् तर एआईको दुरूपयोग हुनबाट रोक्नुपर्छ । डिजिटल प्रविधि प्रयोग गर्दा भ्रामक सूचना र मानसिक दबाबबाट बच्नुपर्छ । विद्यार्थीको परीक्षा तयारीको अन्तिम चरणमा स्थानीय सरकार र समाजको पनि विशेष भूमिका हुन्छ । विशेष गरेर दुर्गम क्षेत्रका छात्राको मानसिक र सामाजिक सुरक्षामा स्थानीय सरकारले ध्यान दिनुपर्छ । परीक्षार्थीको सम्पूर्ण सुरक्षाको प्रबन्ध गर्नुपर्छ ।

दुर्गम क्षेत्रमा परीक्षा केन्द्रहरू टाढा हुन्छन् । विद्यार्थी घर छाडेर केन्द्रनजिकै बस्ने गरी जानुपर्ने हुन सक्छ । यसमा विशेषगरी छात्राहरूले असुरक्षा अनुभव गर्न सक्छन् । उनीहरूलाई सुरक्षाको विश्वास दिलाउनुपर्छ । बलियो सुरक्षा प्रबन्ध गर्न स्थानीय सरकार, प्रहरी प्रशासन, विद्यालय व्यवस्थापन समिति, अभिभावक र स्थानीय समुदाय रचेत रहनुपर्छ । परीक्षा केन्द्रमा महिला सुरक्षाकर्मी पनि राख्नुपर्छ । कुनै छात्रा कुनै दुर्व्यवहारको सिकार भए तुरून्त जानकारी दिन सक्ने वातावरण हुनुपर्छ ।

स्थानीय सरकारले विद्यालयहरूसँग सहकार्य गरेर तयारी कक्षा सञ्चालनमा सहयोग गर्न सक्छ । आर्थिक समस्यामा परेर शैक्षिक सामग्री जुटाउन नसक्ने विद्यार्थीलाई सहयोग पुऱ्याउन पनि स्थानीय सरकारले ध्यान दिनुपर्छ । यस्तो गतिविधिले विद्यार्थीको आत्मबल बढ्छ । छात्राहरू कुनै किसिमको समस्या र तनावमा छन् भने तिनलाई आवश्यक सहयोग पुऱ्याउन पनि स्थानीय सरकारले ध्यान दिनुपर्छ ।

एसइई नतिजा सुधार गर्नु राष्ट्रिय प्राथमिकता र सबै सरोकारवालाको चासोको विषय हो । नतिजा सुधार गर्न सबभन्दा पहिला शैक्षिक वातावरण सुधार गर्नु आवश्यक छ । विद्यालयहरू आवश्यक स्रोतसामग्री र भौतिक संरचना उपलब्ध गराउन सक्दा मात्र नतिजा सुधारमा प्रभाव पर्छ । सरकारले शिक्षकको आत्मविश्वास र हौसला बढाउन काम गर्नुपर्छ । शिक्षण-सिकाइमा शिक्षकका समस्या समाधान गर्न मद्दत गर्नुपर्छ । शिक्षकलाई मानसिक स्वास्थ्य सम्बन्धी परामर्श पनि दिनुपर्छ । दुर्गम क्षेत्रका र पिछडिएका समूहका छात्राहरूका लागि आवश्यक सुरक्षा, परामर्श र सूचना प्रणाली स्थापन गर्नुपर्छ । विद्यार्थीको मनोबल बढाउन तीनवटै तहका सरकारले समन्वयका साथ काम गर्नुपर्छ ।


परीक्षाको तयारीमा विद्यार्थीका लागि अन्तिम एक महिना निकै महत्त्वपूर्ण हुन्छ । यो अवधिमा विद्यार्थीमा म उत्तीर्ण हुन्छु, राम्रो ग्रेड हासिल गर्छु भन्ने आत्मविश्वास बढाउने काम गर्नुपर्छ । अभिभावकले आफ्ना परीक्षार्थी छोराछोरी मानसिक स्थिति सबल बनाउन मद्दत गर्नुपर्छ । अधिकतम अभ्यास र तयारीका लागि प्रेरित गर्नुपर्छ । सबै सरोकोरवालाहरूको एकमुष्ट प्रयास र योगदानले मात्र एसइई परीक्षाको नतिजामा सुधार ल्याउन सकिन्छ । यसैअनुसार सबै पक्ष गम्भीर हुन आवश्यक छ ।

अन्यथा एसइई नतिजा दुई-चार दिनका लागि गफ, टीकाटिप्पणी र एकअर्काको आलोचनाको विषय मात्र हुन्छ ।

*(लेखक त्रिभुवन विश्वविद्यालयमा अर्थशास्त्र केन्द्रीय विभाग तथा सार्वजनिक नीति, सुशासन तथा भ्रष्टाचार निवारण अध्ययन कार्यक्रममा कार्यरत छन् ।)*

## विश्व

# युनको महाभियोगको फैसलापछिको 'द्वन्द्व रोक्न' सियोलमा सुरक्षा व्यवस्थामा कडाइ



**सियोल, २६ फागुन ।**

युनको महाभियोगको फैसलापछिको सम्भावित 'द्वन्द्व रोक्न' सियोलमा सुरक्षा व्यवस्थालाई कडा पारिएको सियोल प्रहरीले जनाएको छ । दक्षिण कोरियाका प्रहरी प्रमुखले देशको निलम्बित राष्ट्रपतिविरुद्ध महाभियोगलाई सदर गर्ने वा नगर्ने भन्ने विषयमा अदालतले फैसला गरेपछि हुन सक्ने अशान्ति रोक्नका लागि 'सबै उपलब्ध उपाय'लाई अवलम्बन गर्न दक्षिण कोरियाली प्रहरी तयार रहेको बताएका छन् ।

संवैधानिक अदालतले राष्ट्रपति युन सुक येओलले सैनिक शासनको घोषणा गरेको भन्दै महाभियोग लगाउने विषयमा यसै महिना आफ्नो निर्णय सुनाउने अपेक्षा गरिएको छ । युनको नागरिक शासनको अल्पकालिक निलम्बनले प्रजातान्त्रिक दक्षिण कोरियालाई राजनीतिक उथलपुथलमा धकेलेको र उनलाई जनवरीमा भएको विद्रोहका लागि हिरासतमा लिइएको थियो । यद्यपि, प्रक्रियागत आधारमा उनलाई गत साताको अन्त्यमा रिहा गरिएको थियो ।

सोलको एक न्यायाधीशले युनको हिरासत अवधि बढाएपछि निलम्बित राष्ट्रपतिका समर्थकहरूले सियोलको एक जिल्ला अदालतको ढोका र झ्यालहरू तोडेका छन् र अधिकारीहरूले आसन्न फैसलालाई लिएर हिंसात्मक हुने चेतावनी दिएका छन् । सियोल महानगरीय प्रहरी निकायका कार्यवाहक प्रमुख पार्क ह्युन सोले भने, संवैधानिक अदालत र त्यस वरपर हुने झडपलाई रोक्नुपर्छ । हामीले संवैधानिक अदालतको सय मिटरभित्रको क्षेत्रलाई विरोधमुक्त क्षेत्र घोषणा गर्ने र ब्यारिकेडलगायत सबै उपलब्ध उपकरणपरिचालन गर्ने योजना बनाएका छौं ।' उनले भने, 'हामीले महाभियोगको विषयमा विरोधी समूहबिच द्वन्द्व हुन नदिन र संवैधानिक अदालतका न्यायाधीशको रक्षाका लागि काम गर्नैपर्छ ।'

प्रहरीले अश्रुग्यास छोड्ने र लाठीको प्रयोगसम्बन्धी थप प्रशिक्षण आफ्ना जवानहरूलाई दिइरहेको बताउँदै पार्कले बमको धम्कीको जवाफ दिन प्रहरी विशेष बल परिचालन गर्नेबारे पनि विचार गरिरहेको बताए । पार्कका अनुसार फैसलाको दिन नजिकका विद्यालयहरू बन्द गर्नेबारे सम्बन्धित निकायसँग विचार-विमर्श भइरहेको र नजिकैका निर्माण स्थलहरू र पेट्रोल पम्पहरू बन्द गर्ने तयारी गरिएको छ ।

ती स्थलहरूमा 'विरोध र प्रदर्शन सामग्रीहरू भण्डारण गर्न सकिन्छ' भन्ने चिन्ता प्रहरीको रहेको छ । महाभियोगको फैसलाको अलावा युनले डिसेम्बरमा सैनिक शासन (मार्सल ल) घोषणा गरेको आरोपमा एक आपराधिक मुद्दाको सामना गर्नुपर्नेछ । उनी एक आपराधिक मामलामा मुद्दाको सामना गर्ने पहिलो सत्तासीन दक्षिण कोरियाली राष्ट्रपति बनेका छन् ।

अभियोजक जनरल शिम वु-जुङले सोमबार पत्रकारहरूसँग भने, 'अभियोजन पक्षले युनलाई अनपेक्षित रूपमा हिरासतबाट रिहा गरे तापनि मुद्दालाई जारी राख्नेछ ।' शिमले भने, 'हामी अभियोजन पक्षको मुद्दालाई निरन्तरता दिन बलियो प्रयास सुनिश्चित गर्नेछौं ।'

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — घरपरिवारमा पुरानो कुरालाई लिएर वादविवाद उत्पन्न हुनेछ । आफ्नो निजी राय अरुमाथि नथोप्नुहोस् । कार्यस्थलमा कार्यसम्पादनको लागि संघर्ष गर्नुपर्ला ।

**वृष** — धैर्य र पराक्रममा वृद्धि हुनेछ। भाग्यले साथ दिनेछ । नयाँ कार्यतर्फ अग्रसर हुनुभन्दा अघि घरपरिवारमा सल्लाह लिनुहोस । रोकिएको कार्य प्रारम्भ हुनेछ ।

**मिथुन** — नोकरी वा पेशामा अधिकारी वर्गहरूको साथ मिल्नेछ । व्यापार व्यवसायमा आफन्तहरूको साथ सहयोग मिल्दा मनग्य लाभ मिल्नेछ ।

**कर्कट** — समाजमा मानसम्मान बढ्नेछ । कार्यक्षेत्रमा गुमाएको स्थान प्राप्त हुनाले बर्चस्व बढ्नेछ । आय आर्जनको नयाँ स्रोतहरू फेला पर्नेछन् ।

**सिंह** — वैदेशिक रोजगारमा लाभ प्राप्त होला । पुरानो समस्या सुल्झिनाले आय आर्जनका विभिन्न अवसरहरु प्राप्त हुनेछन् । स्वास्थ्यमा विशेष ध्यान राख्नुहोला ।

**कन्या** — व्यापार व्यवसायमा मनग्य लाभ रहनेछ । शेयर बजारबाट लाभ प्राप्त गर्न सकिएला । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ ।

**तुला** — कार्यक्षेत्रमा तारिफ योग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ । आँटेको कार्य सम्पादन हुनेछ ।

**वृश्चिक** — लगनशीलताले आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । कार्यक्षेत्रमा योजना बनाएर कार्य गर्नुहोस् सफलता मिल्नेछ ।

**धनु** — सेवामुलुक कामबाट आफूलाई चिनाउन सकिनेछ । दिन उत्साहवर्धक रहनेछ । नयाँ काम प्रारम्भ गर्नमा सफलता पाइनेछ ।

**मकर** — कार्यक्षेत्रमा उच्च अधिकारीहरूसँग राम्रो सम्बन्ध रहनेछ । समाजमा तपाईंको कार्यहरूको चर्चा हुनेछ । धार्मिक कार्यक्रममा मन लाग्नेछ ।

**कुम्भ** — रिसाएका इष्टमित्रहरूसँग कुरा गरेर मन प्रसन्न रहनेछ । अहंकार वा लोभमा आएर लाभकारि योजनाहरू गुमाउन सक्नुहुनेछ ।

**मीन** — नयाँ सम्पर्क बन्नाले भविष्यमा लाभ हुनेछ । घर परिवारमा आफन्तहरूसँग मनमुटावका योग छन् । आफ्नो सिद्धान्तलाई नत्याग्नुहोला ।

# अशुद्ध खानेपानी पिउनुपर्ने बाध्यताबाट मुक्त भए विद्यार्थी

**युग संवाददाता**
**सुर्खेत, २६ फागुन ।**

सुर्खेतको भेरीगंगा नगरपालिका वडा नं २ मोहटीस्थित सामुदायिक माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत छिन् बिनिता शाही । घरबाट करीव आधि घण्टाको पैदल दुरीमा छ स्कुल । तैपनी बिनितालाई स्कुल जानै मन लाग्दैन्थ्यो, अभिभावकले दैनिक कर गर्नुपर्थ्यो । किन भने, उनलाई विद्यार्थी आउन आधा घण्टा लाग्थ्यो तर विद्यार्थी आईसकेपछि फेरी पानी खान ४५ मिनेटको दुरी प्रदल हिडेर फेरी गाँउ जानुपर्थ्यो । तर अहिले उनी उत्साहित भएर विद्यार्थी आउँछिन् ।

उनले भनिन्, 'मलाई पहिले खानेपानीको समस्याकै कारण विद्यार्थी आउन मन लाग्दैन थियो । विद्यार्थीमा बोतलमा भरेर बिहान ल्याएको पानी हाफ्टाईमसम्म पुग्दैन थियो । फेरी पानी लिन जान आउन करीब डेड घण्टाको पैदल हिड्नु पर्थ्यो । पानी पिउनै जाँदा थकाई लाग्यो । विद्यार्थीमा पढ्न मन पनि लादैन थियो । कहिले काँही त पानी खान जाँदा आधा पढाई नै छुट्यो । तर अहिले हाम्रो विद्यार्थीमा बालमैत्री धारा बनेको छ । हामीले जति बेला पनि शुद्ध पिउने पानी विद्यार्थीमै कल कल खाउन पाउने भएका छौँ ।'

सामुदायिक विद्यार्थी मोहटीमा कक्षा ९ मै अध्यायनरत अर्का छात्र नविन मिजारको पनि पीडा उस्तै थियो । उनले भने, 'गाँउमा पानी भर्ने बोतलहरु पनि नपाईने प्लाष्टिकको बट्टामा पानी भरेर विद्यार्थी ल्याउनु पर्थ्यो । त्यो पनि दिनभरलाई पुग्दैन थियो । कहिले त साथिहरुले पनि खाईदिन्थ्ये । फेरी पानी लिन जाँदा पढाई नै छुट्थ्यो । त्यसैले विद्यार्थी आउन मन लाग्दैन थियो । तर अहिले हाम्रो गाँउमा भन्दा विद्यार्थीमा राम्रो पानीको व्यवस्था छ । महिला पुरुष शौचालयको पनि उस्तै राम्रो व्यवस्था छ । त्यसैले अहिले खुशीले विद्यार्थी आउन मन लाग्ने भएको छ ।'

बिनिता र नविन जस्तै आजभोली मोहटीको विद्यार्थीमा पढ्ने सबै बिद्यार्थीहरु खुसीका साथ विद्यार्थी आउन थालेका छन् । विद्यार्थीमा व्यवस्था गरिएको बालमैत्री स्वच्छ खानेपानी धारा र छात्र छात्रा शौचालयले यहाँका बिद्यार्थीको मुहारमा खुसी ल्याएको छ । उनीहरु सबै दंग छन् । सामुदायिक विद्यार्थी मोहटीमा कक्षा-६ मा अध्ययनरत उमेश विकले भने, 'स्कुलमा बालमैत्री धारा छ । जहाँ नियमित पानी आउछ । ट्यूाइलेट पनि सफा र सुरक्षित छ । त्यसैले आजकल त स्कुल जान झ्याउ लाग्दैन ।'



सुन्दा सामान्य लाग्न सक्छ, तर मोहटीका बिद्यार्थीले बर्षौंदेखी भोगेको पीडा र खानेपानी उपलब्ध पछि उनीहरुमा देखिएको सकारात्मक परिवर्तन उल्लेखनीय छ । दुई महिना पहिले त्यस विद्यार्थीमा बिद्यार्थीको नियमितता र अहिले निकै परिवर्तन भएको छ । विद्यार्थीका प्रधानाध्यापक भीमबहादुर राउवतले भने, विद्यार्थीमा खानेपानी र शौचालयको समस्याले बिद्यार्थी नियमितता हुँदैन थियो । निकै समस्या भोगिरहेका थियौं । तर अहिले भेरीगंगा नगरपालिकाको समन्वयमा केएनएफआईडी नेपालले बालमैत्री धारा र बालमैत्री शौचालय निर्माण गरिदिदा विद्यार्थीमा बिद्यार्थीको नियमितता ह्वात्तै बढेको छ ।'

उनका अनुसार मोहटी विद्यार्थीका झण्डै पाँच सय बिद्यार्थीलाई पानी पिउनकै लागि दिनहुँ समस्या हुन्थ्यो । विद्यार्थीको सय मिटर तल भेरी बगिरहेको थियो । तर, त्यहाँ जान सहज थिएन । विद्यार्थीको मुनी भीर भएकाले विद्यार्थी जालीले घेरबार गरिएको थियो । तर, केएनएफआईडी ७५ मिटर गहिरो डिबोरिङ हानेर ल्याव टेष्ट गरी १३ लाख लागतमा नियमित प्रयाप्त शुद्ध पानी निकालिदिएपछि अहिले निकै सहज भएको छ ।

त्यसैले ९ लाखको लागतमा बालमैत्री शौचालय पनि बनाईदिएपछि त झन सुविधायुक्त विद्यार्थी बनेको छ । जसमा भेरीगंगा नगरपालिका, विद्यार्थी व्यवस्थापन समिति र केएनएफआईडीको उल्लेखनीय भूमिका रहेको छ । भेरीगंगा वडा नं. २ को सामुदायिक माविमा मात्र होईन, वडा नं. ४ स्थित नेपाल राष्ट्रिय आधारभुत विद्यार्थीमा पनि २२ लाखको लागतमा बालमैत्री धारा र बालमैत्री शौचालय निर्माण गरिएको छ ।

भेरीगंगा वडा नं. २ को सामुदायिक माविमा निर्माण भएका बालमैत्री धारा र शौचालय सोमबार उद्घाटन गर्दै भेरीगंगा नगरपालिका प्रमुख यज्ञप्रसाद ढकालले भने, 'सहयोगी हातहरुले हाम्रो नगरपालिकाको २ वटा विद्यार्थीमा निकै राम्रा बालमैत्री धारा र सुविधायुक्त बालमैत्री शौचालय निर्माण गरिदिए । अब नगरका अन्य वडामा रहेका विद्यार्थीमा पनि सहयोग गर्नका लागि हामीले केएनएफआईडीलाई आग्रह गरेका छौँ ।'

केएनएफआईडीका निर्देशक नारायण गिरीले भेरिगंगा नगरपालिकाका २ वटा विद्यार्थी मात्र नभई कर्णालीका बिभिन्न जिल्लामा बालमैत्री धारा, शौचालय निर्माणका साथै अन्य सरसफाईका कामहरु भईरहेका छन् । उनले भने, 'बिद्यार्थीहरुको सुविधालाई मध्यनजर गरी हामीले हरेक विद्यार्थीलाई सुविधा सम्पन्न बनाउने अभियान चलाईरहेको छौँ । तर, बनेका यि संरचनाहरुको दिगोपनाका लागि नगरपालिका र विद्यार्थीले ध्यान दिनुपर्छ ।'

कार्यक्रममा भेरीगंगा नगरपालिका उपप्रमूख धनसरा बोहोराले भेरिगंगा नगरपालिकाले बिभिन्न सहयोगी हातहरुसँग समन्वय गरी सबै विद्यार्थीहरुलाई सुविधायुक्त बनाउदै जाने बताईन् । उनले भनिन्, 'हामी जनताका समस्याहरु समाधानका लागि अभियानमै छौँ । जसका लागि सहयोगी नियकाहरुसँग समन्वय गरिरहेका छौँ । कार्यक्रममा ओल्डसरी कारियाकी प्रतिनिधि हेलिम जङले विद्यार्थीमा बनेका धारा र शौचालयलाई आफ्नै घरको जसरी संरक्षण गर्नुपर्ने बताईन् ।

उनले भनिन्, 'विद्यार्थी हाम्रो हो । विद्यार्थीमा बनेका संरचनाहरु पनि हाम्रा हुन् । हामीले नै यसको संरक्षण र सरसफाईमा ध्यान दिनुपर्छ भन्ने भावना सबैको हुनुपर्छ ।' कार्यक्रममा भेरीगंगा नगरपालिका प्रमूख ढकालले बालमैत्री धारा र शौचालय निर्माणको काम समयमै सम्पन्न गर्ने निर्माण व्यवसायी अमर शाही र सहयोगी निकायहरुलाई सम्म्मान पनि गरेका थिए ।

# आन्तरिक रोजगारी प्रवर्द्धन दशक घोषणा

**युग संवाददाता**
**काठमाडौँ, २६ फागुन ।**

बाध्यकारी वैदेशिक रोजगारी अन्त्य गर्ने लक्ष्य लिएको सरकारले आगामी दशक (सन् २०२५-२०३५) लाई आन्तरिक रोजगारी प्रवर्द्धन दशक घोषणा गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा आयोजित 'राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन-२०८१'को उद्घाटन सत्रमा सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगारी प्रवर्द्धन दशक घोषणा गरे ।

सो क्रममा सरकार र विभिन्न १० वटा निजी क्षेत्रका छाता सङ्गठनबीच युवा जनशक्तिलाई रोजगार सिर्जना र तालिम प्रदानका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ । समारोहमा राष्ट्रिय सीप विकास प्रतिष्ठान र कम्प्युटर एसोसिएसन महासङ्घ (क्यान), होटल सङ्घ नेपाल (हान), नेपाल निर्माण व्यवसायी महासङ्घ, नाडा अटोमोबाइल्स एसोसियन अफ नेपाल (नाडा), नेपाल तयारी पोसाक उद्योग सङ्घ, ग्रिल तथा स्टिल व्यवसायी महासङ्घ, नेपाल सुनचाँदी व्यवसायी महासङ्घ, एकोर इन्टरनेसनल ट्रेनिक प्रालि, ग्लोबल क्वालिफिकेसन र मदरल्यान्ड स्किल एकेडेमीबीच सोसम्बन्धी समझदारीमा हस्ताक्षर भएको हो ।

सोही अवसरमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत एकीकृत श्रम बजार सूचना प्रणाली विस्तारका लागि श्रम तथा रोजगार मन्त्रालय र स्विस एजेन्सीबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगारी सिर्जना गर्न निजी क्षेत्रको असाधारण महत्व रहेको बताए ।

रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धन सरकारको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै उहाँले मुलुकको अर्थतन्त्रलाई निजी क्षेत्रले नेतृत्व गर्नुपर्नेमा जोड दिए । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत् सिंह भण्डारीले प्रत्येक वर्ष श्रम बजारमा आउने श्रम शक्तिलाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने तथा वैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउने सरकारको योजना रहेको बताए ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निजी क्षेत्रले जोखिम मोलेरै भए पनि मुलुकको अर्थतन्त्र वृद्धिका लागि योगदान गरेको उल्लेख गर्दै निजी क्षेत्रलाई प्रोत्साहन गर्ने सरकारको नीति रहेको स्पष्ट पारे । "सरकारले नीतिगत सुधारका विभिन्न आयाम अघि बढाएको छ, त्यसको प्रतिविम्ब अर्थतन्त्रमा देखिन थालेको छ,", उनले भने, "रोजगारीको सुनिश्चितता, उद्यमशीलता प्रवर्द्धन र निराशा चिर्दै आशा जगाउन निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकता ठानी नवीन कार्यक्रम अघि बढाइएको छ ।"

# ग्याँस पड्किँदा होटलमा आगलागी



**युग संवाददाता**
**सुर्खेत, २६ फागुन ।**

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-६ बीच बजारमा आगलागी ग्याँस पड्किदा आगलागी पुष्टि भएको छ । सोमबार दिउँसो होटल लालीकाँडामा ग्याँस पड्केर आगलागी भएको हो । आगलागी भएपछि होटलसँगै सटेका घडी, रेडियो, साइकल तथा फेन्सी पसलमा क्षति पुगेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार क्षतिको एकीन हुन सकेको छैन । वीरेन्द्रनगर नगरपालिकाको दमकलको सहायताले आगो नियन्त्रणमा आएको थियो । काठबाट निर्मित पुरानो घर भएकाले बढी क्षति भएको हुन सक्ने जनाइएको छ ।

## जाजरकोट...

आकलन सम्पन्न गरी पठाउँने वडाबाट पुनर्निर्माणको प्रक्रिया अघि बढाउँने प्राधिकरणको तयारी छ । भूकम्प गएको १६ महिनासम्म पनि फितलो सरकारी उपस्थितीले पीडितहरु अझै पनि अस्थायी आवासमा जीवनयापन गर्न बाध्य छन् ।

सुरुमा अस्थायी आवास निर्माणमा तिब्रता दिएको जनाउने सरकारले पुनर्स्थापना र पुनर्निर्माणमा गरेको ढिलाईले अझै पनि कतिपय नागरिकले अस्थायी आवास निर्माणवापतको दोस्रो किस्ताको रकम पाउन नसकेको गुनासो गरिरहेका छन् । १५ महिनापछि संघीय सरकारले जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पबाट क्षति पुगेका संरचनाको विस्तृत अध्ययनको प्रक्रिया थालेको थियो ।

संघीय सरकारका पछिल्ला गतिविधिले जाजरकोट भूकम्ले ढलेका बस्तीहरु पुनः उठ्ने आशा पलाएको छ । गत १७ कात्तिक २०८० मा जाजरकोट केन्द्रविन्दु भई गएको भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा एक सय ५४ जनाले ज्यान गुमाएका थिए । भूकम्पले जाजरकोट, रुकुमपश्चिम र सल्यानमा ६८ हजारभन्दा बढी भौतिक संरचनामा क्षति पुगेको थियो । भूकम्पले ठूलो जनधनको क्षति पुगेका तीन जिल्लामा सरकारी उदासीनताका कारण लामो समयसम्म पनि पुनर्निर्माण प्रक्रिया अघि बढ्न सकेको छैन ।

भूकम्प गएको लामो समय बित्दा पनि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भूकम्पबाट क्षति भएका सामुदायिक भवन तथा निजी घरहरूको विस्तृत क्षतिको अध्ययन नगर्दा नागरिकले अस्थायी आवासमा बस्न बाध्य हुनुपरिरहेको छ ।

प्राधिकरणका अनुसार अस्थायी आवास निर्माणसम्बन्धी पछिल्लो तथ्याङ्कमा ६८ हजार ३ सय २६ परिवार भूकम्पबाट प्रभावित बनेका छन् । जसमध्ये जाजरकोटमा ३४ हजार ७ सय, रुकुम पश्चिममा ३२ हजार ३ सय ७६ र सल्यानमा एक हजार तीन सय ५० अस्थायी आवास बनेका छन् ।


# Kohalpur Municipality
# Office Of Municipal Executive

**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

## Invitation for Bids

***Date of publication: 2081/11/27 (Mar-11-2025)***

1. ***Kohalpur Municipality*** invites electronic bids from Nepalese eligible bidders for the ***following works*** :

| S. N. | Contract ID | Description of Works | Bid Validity Period | Estimated Amount with VAT & PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Purchase Fee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BANKE/KOMUN/W/ NCB-19/2081/082 | Mahesh Khatiwada ko ghar dekhi Mahendra rajmarga jodne bato ma nali nirman, Kohalpur-2, Banke. | 90 days | 23,94,638.46 | 60,000 | NRs. 3000 | NCB |
| 2 | BANKE/KOMUN/W/ NCB-20/2081/082 | Motinagar chowk dekhi purwa skating park samma sadak kalopatre, Kohalpur-3, Banke. | 90 days | 23,93,078.63 | 60,000 | NRs. 3000 | NCB |
| 3 | BANKE/KOMUN/W/ NCB-21/2081/082 | Gujar tole ko bato kalopatre, Kohalpur-4, Banke. | 90 days | 23,96,218.18 | 60,000 | NRs. 3000 | NCB |
| 4 | BANKE/KOMUN/W/ NCB-22/2081/082 | Prithivinagar transformer chowk dekhi Shiva mandir jodne bato kalopatre, Kohalpur-5, Banke. | 90 days | 39,19,508.93 | 1,00,000 | NRs. 3000 | NCB |
| 5 | BANKE/KOMUN/W/ NCB-23/2081/082 | Govinda Tharu ko ghar dekhi Hari Prasad Tharu ko ghar samma ra Sitaram Tharu ko ghar dekhi nahar samma sadak staronnati, Kohalpur-6, Banke. | 90 days | 23,93,654.15 | 60,000 | NRs. 3000 | NCB |
| 6 | BANKE/KOMUN/W/ NCB-24/2081/082 | Ward karyalaya dekhi Ratna rajmarga tatha ward no. 9 ko simana samma jodne sadak staronnati, Kohalpur-8, Banke. | 90 days | 47,90,018.16 | 1,20,000 | NRs. 3000 | NCB |
| 7 | BANKE/KOMUN/W/ NCB-25/2081/082 | Babai tole Bhim Bahadur Thapa ko ghar dekhi Bhagawati Basnet ko ghar samma nali nirman, Kohalpur-9, Banke. | 90 days | 28,74,386.92 | 75,000 | NRs. 3000 | NCB |
| 8 | BANKE/KOMUN/W/ NCB-26/2081/082 | Ratna rajmarga dekhi Jeevan Jyoti School gate samma nali nirman, Kohalpur-10, Banke. | 90 days | 23,95,852.78 | 60,000 | NRs. 3000 | NCB |
| 9 | BANKE/KOMUN/W/ NCB-27/2081/082 | Sainik nagar hundai Purai tole ko sadak staronnati, Kohalpur-11, Banke. | 90 days | 23,95,761.60 | 60,000 | NRs. 3000 | NCB |
| 10 | BANKE/KOMUN/W/ NCB-28/2081/082 | Shanti tole, Panas tole ta Nibuwa tole bato staronnati, Kohalpur-12, Banke. | 90 days | 28,74,594.60 | 75,000 | NRs. 3000 | NCB |
| 11 | BANKE/KOMUN/W/ NCB-29/2081/082 | Kalika mandir dekhi Ko.Na.Pa. 13 ward karyalaya samma bato kalopatre, Kohalpur-13, Banke. | 90 days | 57,47,504.79 | 1,45,000 | NRs. 3000 | NCB |
| 12 | BANKE/KOMUN/W/ NCB-30/2081/082 | Surkhet rajmarga dekhi Udharpur gaun jane bato staronnati, Kohalpur-14, Banke. | 90 days | 23,95,735.65 | 60,000 | NRs. 3000 | NCB |
| 13 | BANKE/KOMUN/W /SQ-12/2081/082 | Rajhena School dekhi Chatiya tole sadak staronnati, Kohalpur-5, Banke. | 45 days | 19,16,518.29 | 50,000 | NRs. 1000 | SQ |
| 14 | BANKE/KOMUN/W /SQ-13/2081/082 | Mahendra rajmarga dekhi Gita Singh Thakuri ko ghar samma sadak staronnati, Kohalpur-11, Banke. | 45 days | 14,90,277.96 | 40,000 | NRs. 1000 | SQ |
| 15 | BANKE/KOMUN/W /SQ-14/2081/082 | Duduwa khola Punmukhiya tole ma tatbandhan nirman, Kohalpur-12, Banke. | 45 days | 19,16,947.48 | 50,000 | aNRs. 1000 | SQ |
| 16 | BANKE/KOMUN/W /SQ-15/2081/082 | Chaudhariya Dekhi Prasenipur jane sadak staronnati, Kohalpur-15, Banke. | 45 days | 19,15,841.37 | 50,000 | NRs. 1000 | SQ |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at ***Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke. Contact no. 081-540318. Email: info@kohalpurmun.gov.np*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidders may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the ***cost (as specified above)*** of bidding document in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank: ***Agriculture Development Bank***.

   Name of Office: ***Kohalpur Nagarpalika aantarik Rajaswa Khata***

   Office Account no.: ***0720501000235365***
4. Pre-bid meeting *(only for NCB)* shall be held at ***Kohalpur Municipality Office, Kohalpur, Banke*** at ***2081/12/15, 14:00 hours.***
5. Electronic bids must be submitted to the ***Kohalpur Municipality Office, Kohalpur, Bank*** through PPMO's website www.bolpatra.gov.np/egp on or before ***12:00 hours*** on ***2081/12/28 for NCB and 2081/12/15 for SQ.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 hours on 2081/12/28 for NCB and 2081/12/15 for SQ*** at ***Kohalpur Municipality Office***. Bids must be valid for a period of ***as specified above*** after bid opening and must be accompanied by a scanned copy of the bid security in .pdf format, amounting to a minimum of ***As Specified Above***, which shall be valid for 30 days beyond the validity period of the bids.
7. **Bidders are further required to hire locally available labors as much as possible.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# कर्णाली भीरमा अड्किएका सात जनाको १८ घण्टापछि उद्धार

**युग संवाददाता**
**धनगढी, २६ फागुन ।**

कर्णाली नदी किनारको भीरमा अड्किएका सात जनाको १८ घण्टा पछि उद्धार गरिएको छ। आइतबार साँझ ६ बजेदेखि अड्किएका स्थानीयको हिमाली गाउँपालिकाको बोटमार्फत उद्धार गरिएको प्रहरीले बताएको छ। माछा मार्न गएका आफन्त पुसे भण्डारी भिरबाट खसेर घाइते भएपछि उनीहरू उद्धारमा गएका थिए।

उद्धारका लागि पुगेका सातैजनाले भिर पार गर्न नसकेपछि बीचमै अड्किए। भण्डारीको आइतबार राति नै मृत्यु भइसकेको थियो। मृतक भण्डारीले भिरबाट चिप्लिएर घाइते भएकाले ज्यान बचाउन अपिल गरेपछि उनीहरू घटनास्थल गएका थिए। फोन सम्पर्क गरे पनि रातको बीचमा कुनै विकल्प थिएन, उनीहरू पनि मृतकसँगै रातभर भिरमै बसेको स्थानीय जीवन बुढाले जानकारी दिए।

मृतक भण्डारीले करिब ५ बजेतिर आफन्तलाई फोन गरेका थिए। स्थानीय गणेश बुढाका अनुसार पुसे जहिल्यै जोखिम मोलेर माछा मार्न जान्थे। गाउँले पनि उनलाई भिर चढ्ने मान्छेका रुपमा चिन्थे। साँझ पर्न लाग्दा उनी घर फर्किने तयारीमा थिए। अचानक भिरबाट तल खसेछन्। लड्दै तल पुगेका पुसे अर्धचेत थिए। अर्धचेत अवस्थामै आफन्तलाई फोन गरे।

# 'म भीरबाट खसेँ, छिटो आउनु' भनेर फोनमा बोल्दा-बोल्दै भण्डारीको प्राण गयो

**युग संवाददाता**
**बाजुरा, २६ फागुन ।**

स्वामीकार्तिक खापर गाउँपालिका-२, फ्याल गाउँका पुसे भण्डारी आइतबार माछा मार्न बिहानै घरबाट निस्किए। करिब ४० वर्षका पुसे माछा मार्न अनुभवी मानिन्थे। गाउँबाट करिब तीन-चार घण्टाको बाटो पार गरेर उनी कर्णाली नदीको किनारमा पुगे।

स्थानीय गणेश बुढाका अनुसार पुसे जहिल्यै जोखिम मोलेर माछा मार्न जान्थे। गाउँलेहरू पनि उनलाई भीर चढ्ने मान्छे भनेर चिन्थे। तर भीर जति चढे पनि, त्यो दिन भीरले उनलाई छोडेन। साँझ पर्न लाग्दा उनी घर फर्किने तयारी गर्दै थिए। अचानक उनी भीरमाबाट तल खसे।

लड्दै तल पुगेका पुसे अर्धचेत अवस्थामा थिए। उनी अशक्त थिए। बेसुर थिए, तर उनले आँट हारेनन्। उनको हातमा मोबाइल थियो। काँपिरहेको हातले उनले घरमा फोन गरे- 'म भीरबाट खसेँ। घाइते भएँ। छिटो आउनु।' फोन उठाउने परिवारको मन काम्यो। उनीहरूले गाउँलेलाई खबर गरे। गाउँलेहरू दौडिए। समूह बनाएर कर्णाली नदीतर्फ लागे। तर भीर उस्तै उकालो थियो, झन् अन्धकार छाउँदै थियो। उता पुसेको आवाज कमजोर हुँदै गयो। 'म अब सक्दिनँ,' फोनमै बोल्दै-बोल्दै उनको प्राण गयो।

गाउँले पुगे, तर ढिलो भइसकेको थियो। शव उतार्न खोजे, तर जोखिम धेरै थियो। त्यसपछि प्रहरीलाई खबर गरियो। प्रहरी निरीक्षक देव चौधरीका अनुसार तत्कालै जुड्डी प्रहरी चौकीबाट टोली खटियो। तर शव निकाल्न सक्ने अवस्था छैन। भीर यति अप्ठ्यारो छ कि गाउँलेहरू मात्र होइन, प्रहरी टोली पनि सहजै पुग्न सकेन।

स्थानीय गणेश बुढा भन्छन्, 'हामी ८-१० जना वारिबाट गयौँ, ८-१० जना पारीबाट गयौँ, तर कोही भीरमै अड्कियौँ। उद्धार गर्न सकिएन।' रातभरि प्रहरी र गाउँलेहरू आगो बालेर बसे। कर्णाली नदीको छेउमा पुसेको लास छ। आज ज्यापिटङ टोली आउँदैछ। इलाका प्रहरी कार्यालय कोल्टीबाट थप टोली घटनास्थलमा छ। हिमाली गाउँपालिकाबाट बोट टोली झिकाएर उद्धारको प्रयास भइरहेको छ। गाउँलेहरूले पुसेको शव उद्धार होस् भन्ने पर्खाइमा छन्।

# अनेरास्वविवियु चुनावी घोषणापत्र सार्वजनिक

**युग संवाददाता**
**सुर्खेत, २६ फागुन ।**

नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्वविवियुले स्वतन्त्र विद्यार्थी युनियन (स्वविवियु) चुनावको घोषणापत्र सार्वजनिक गरेको छ। सोमबार अनेरास्वविवियु कर्णाली प्रदेश कमिटीले स्वविवियु निर्वाचन विशेष प्रतिबद्धता-पत्र सार्वजनिक गरेको हो।

आगामी चैत्र ५ गते हुने स्वविवियु चुनावलाई लक्षित गरेर घोषणा-पत्र सार्वजनिक गरेको छ। बहालमा बस्ने विद्यार्थीहरूका लागि सहुलियत दरमा इन्डक्सन चुलोको व्यवस्थाका लागि पहल गर्ने घोषणापत्र सार्वजनिक गर्दै अनेरास्वविवियु कर्णाली प्रदेश कमिटी अध्यक्ष राजेश वलीले प्रतिबद्धता जनाए।

सडक सञ्जालले नजोडिएका विकल्पविहीन हवाई यात्रामा विद्यार्थी छुटका लागि पहल गर्ने, विद्यार्थीहरूको स्वास्थ्य बीमालाई प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने अनेरास्वविवियुले प्रतिबद्धता-पत्र सार्वजनिक गरेको छ।

स्थानीय तहको सरकारसँग समन्वय गरी बहालमा बस्ने विद्यार्थीहरूलाई घरभाडा छुटको व्यवस्था मिलाउन पहल गर्ने, अनेरास्वविवियुको आन्दोलनको महत्वपूर्ण उपलब्धिका रूपमा रहेको यातायातमा ४५ प्रतिशत भाडा छुटको व्यवस्थालाई प्रभावकारी कार्यान्वयवन गर्ने, लामो दुरीको यातायातमा अनिवार्य छुटको व्यवस्था मिलाउन पहल गर्ने घोषणापत्रमा उल्लेख छ।

अनुसुची–१५
(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/११/२७**

श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह शिवालय गा.पा.-९, जाजरकोटको सामुदायिक वन बाट २०८१/०८२ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको ए ग्रेड सल्लो जातको गोलिया काठ ६१ थानको १००१.०६ क्यूफिट, बी ग्रेड सल्लो जातको गोलीया काठ ९६ थानको ९९५.१३ क्यूफिट गरी सल्लो जातको कुल १५७ थानको १९९६.१९ क्यूफिट काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आ८्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सुचना यस श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूहको कार्यालय शिवालय गा.पा.-९, जाजरकोट श्री छेडां सब-डिभिजन वन कार्यालय, खारा जाजरकोटको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह**
**शिवालय गा.पा.-९, जाजरकोट।**

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**
**योजना तथा अनुगमन उपशाखा**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८१/११/२७)**

यस कार्यालयबाट प्रकाशित तपशिलमा उल्लेखित ठेक्का नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएका बोलपत्र मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम ठेगाना | कबोल अंक भ्याट सहित रु. |
|---|---|---|---|
| BANKE/KOMUN/W/NCB-15/2081/082 | Constructions of fish market and food stall at kohalpur Agriculture Market, Kohalpur-11 | ओम ऋषि कन्स्ट्रक्सन, कोहलपुर-५ | रु.३४,८६,२५४।७१ |

प्रमुख प्रशासकीय अधिकृत

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाइटेक, हाइटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२



घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

घर निर्माण कार्यको लागि सम्झनुहोस्
हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन् ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

मिस्त्री गुरुङ्ग दाई हेमराज बुढा
Bhawani Auto Workshop BC Group Birendranagar-Surkhet
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
हाम्रा सेवाहरु
✓ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
✓ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
✓ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
✓ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
✓ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
✓ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।
TOYOTA BYD Mahindra FORCE MOTORS ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing



युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः भवानी छापाखाना, सुर्खेत ।